ऋषिङ्ग गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कोटदरबार, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

**आ.व २०७९/८० को नदिजन्य सामाग्री ढुङ्गा , गिट्टि , माटो, दहत्तर-बहत्तर र काठ दाउरा एंव कबाडिजन्य वस्तुको निकासी शुल्क दस्तुर संकलन गर्ने कार्यको लागि शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना ।**

(प्रथम पटक प्रकाशित सूचनाः२०७९/४/२९)

ऋषिङ्ग गाउँपालिकाको कार्यालयबाट स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद-३ को दफा (११) को उपदफा (२) को खण्ड (घ) को उपखण्ड (६) बमोजिम एवं गाउँ कार्यपालिकाको मितिः२०७९/४/०६ को निर्णय अनुसार आ.व. २०७९/८० का लागि तपसिल बमोजिमका नदिजन्य सामाग्री ढुङ्गा , गिटि , माटो, दहत्तर-बहत्तर र काठ दाउरा एंव कबाडिजन्य वस्तुको निकासी शुल्क दस्तुर संकलनका लागि कार्यालयलले तोकेको न्युनतम रकमबाट बढबढ हुने गरि इ-बिडिङ्ग र हार्ड कपि मार्फत ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले तपसिलमा उल्लेखित शर्तहरू अनुसार ईच्छुक योग्य फर्म वा कम्पनीले देहाय बमोजिमको मिति र समयभित्र दरभाउ पत्र खरिद गरि रितपुर्वकको शिलबन्दी दरभाउ पत्र आह्वानको लागि यो सुचना प्रकाशन गरिएको छ ।

तपसिल

| ठेक्का नं. | विवरण | न्यूनतम रकम रु. (TDS&VAT बाहेक) | दरभाउपत्र दस्तुर रू. | धरौटी रकम |
|---|---|---|---|---|
| १/आय/ऋ.गा.पा/२०७९/८० | नदिजन्य सामाग्री ढुङ्गा , गिटि , माटो, दहत्तर-बहत्तर र काठ दाउरा एंव कबाडिजन्य वस्तुको निकासी शुल्क दस्तुर संकलन | ५,५०,०००/- (अक्षेरुपी पाँच लाख पचास हजार मात्र) | १०००/- (अक्षेरुपी एक हजार मात्र) | कबोल रकमको ५% |

शिलबन्दी दरभाउपत्र सम्बन्धी शर्तहरूः

- दरभाउ पत्र फारमको लागि दरभाउ पत्र दाखिला हुने समय भित्र दरभाउ पत्र फारम दस्तुर रकम यस कार्यलयको कुमारी बैङ्क, ऋषिङ्ग शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ग ४ १ - ०८३००३४५५४१००००७ मा जम्मा गरेको बैङ्क भौचार वा गाउँपालिकाको राजश्व शाखामा राजश्व दाखिलको रसिदको Scanned Copy Upload गर्नुपर्नेछ । E-bidding मार्फत सहभागीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को वेबसाईट Website https://www.bolpatra.gov.np/egp/ मा सबै कागजातहरू Scan गरि PDF Format मा शिलबन्दी दरभाउ पत्र पेश गर्नुपर्नेछ ।
- शिलबन्दी दउभाउपत्र दाताले नियमानुसार यस कार्यलयवाट उपलब्ध दउभाउ पत्र फारम भरि फर्म/व्यवसाय दर्ताको प्रमाण पत्र, मुल्य अभिवृद्धि करको प्रमाण पत्र / स्थायी लेखा नम्बरको प्रमाण पत्र, आ.व.२०७७/७८ को करचुक्ता प्रमाण पत्र, इजाजत प्रमाण पत्रको प्रमाणित प्रतिलिपि, शिलबन्दी दरभाउपत्रको लागि योग्य रहेको र कुनै पनि कसुर तथा सजाय नपाएको स्व-घोषणा पत्र र सम्बन्धित कार्यको लागि अख्तियारी पत्र सहितको कागजात सूचना प्रकाशन भएको १६औं दिन अर्थात २०७९/५/१३ गते दिनको १२:०० वजे सम्म E-submission र हार्डकपिको लागि यस गाउँपालिकामा शिलबन्दी रुपमा दर्ता गरिसक्नुपर्नेछ र समयमा दर्ता भएका शिलबन्दी दरभाउ पत्र सोहिदिनको २ वजे यस कार्यलयमा शिलबन्दी दरभाउपत्र दाता प्रतिनिधिको रहोवरमा खोलिनेछ ।प्रतिनिधि उपस्थित नभएमा पनि खोल्न बाधा पर्ने छैन ।
- शिलबन्दी दरभाउपत्रदाताले E-bidding मार्फत पेश गरेको बोलपत्र खोल्ने समयमा निजको E-bid दर्ता भएको नदेखिएमा वा अपलोड गरिएका फाईल Unreadable Format or Corrupted भएमा मूल्याङ्कनमा समावेश गरिने छैन ।

टिका बहादुर गोदार
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

ऋषिङ्ग गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कोटदरबार, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

- बोलपत्र फारम भरी पेश गर्दा आफुले कबोल गरेको रकम अङ्क र अक्षरमा प्रष्टसंग लेखि तोकिएको धरौटी रकम यस कार्यालयको कुमारी बैंक ऋषिङ्ग शाखामा रहेको धरौटी खाता नं .ग ३-०८३००३४५५४१००००४ मा जम्मा गरेको सक्कले बैंक भौचर वा बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा शिलबन्दी दरभाउपत्रबोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट ७५ दिन सम्म म्याद भएको रितपूर्वकको बैंक जमानी पत्र (विड वन्ड) पेश गर्नुपर्नेछ ।कबोल गरेको रकमको अङ्क र अक्षरमा लेखिएको ब्यहोरा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।
- स्वीकृत ठेक्का अङ्कलाई २ किस्तामा विभाजन गरीएको छ । पहिलो किस्ता न्यूनतम ५० % र बाँकी रकम दोस्रो किस्ता गरी २ किस्तामा विभाजन गरिएको र पहिलो किस्ता न्यूनतम ५० % सम्झौता अगावै अनिवार्य दाखिला गरी बाँकीको हकमा बाँकी रकमको १० % रकम थप गरी जमानत वापत नेपाल सरकारको मान्यता प्राप्त बाणिज्य बैङ्कवाट वि स २०८० श्रावण मसान्तसम्म मान्य हुने बैङ्क ग्यारेन्टि परफरमेन्स वण्ड पेश गर्नु पर्नेछ । साथै बाँकी रकमको किस्ता २०८० साल बैशाख मसान्त भित्र भुक्तानी गर्नुपर्नेछ । ठेक्का सम्झौता गर्दा धरौटी पेश गरेको रकमलाई किस्ता भुक्तान गर्दा समायोजन गर्न पाइने छैन ।
- स्वीकृत ठेक्का अंकको पुरै रकम सम्झौताका बखत एक मुष्ट बुझाउन चाहेमा न्यूनतम अंकमा नघट्ने गरी तथा मू अ कर र अग्रीम आयकर बाहेकको रकममा ५%छुट दिइ सम्झौता गर्न सकिनेछ ।
- तोकिएको किस्ता म्यादभित्र नबुझाएमा गाउँपलिकाको तर्फबाट ठेक्का तोडी बाँकी रहेको किस्ता बैंक ग्यारेण्टीबाट असुल उपर गर्ने गरि कानूनी प्रक्रिया अपनाइने छ । असुल गर्न बाँकी रकममा १० % थप क्षतिपूर्ती समेत जोडी सरकारी बाँकी सरह असुलउपर गरिनेछ ।
- कुनै पनि शर्त राखी पेश गरेको र रित नपुगेको सिलबन्दी दरभाउपत्र माथि कुनै कारवाही गरिने छैन ।
- सिलबन्दी दरभाउपत्र पेश गर्दा राखेको धरौटी रकम ठेक्का सम्झौता भएपछी मात्र फिर्ता गरिनेछ ।
- सिलबन्दी दरभाउपत्र दाताले सम्झौता पत्रमा पट्टापूर्जीमा तोकिएको बस्तुहरुमा मात्र तोकिए बमोजिमको दरमा रोयल्टी संकलन गर्नुपर्ने छ । रोयल्टी दर गण्डकी प्रदेश सरकारवाट स्वीकृत भए बमोजिम हुने छ । सो भन्दा फरक हुने गरि क[illegible] संकलन गरेमा ठेक्का सम्झौता तोडी नियमानुसार कारवाही हुनेछ ।
- यस कार्यालयको सूचना प्रकाशन गरको शर्त एवमं अन्य कुराहरु प्रचलित ऐन नियम अनुसारका शर्तहरु पालना गर्नुपर्नेछ।
- यस ठेक्काको लागि तपशिल बमोजिमको दररेट प्रयोग गर्नुपर्नेछ ।
- नदीजन्य सामाग्री ढुङ्गा गिट्टि माटो बालुवा दहत्तर बहत्तर रू २।५०(दुई रुपैंया पचास पैसा) प्रती क्यूबिक फिट (कर बाहेक)
- खयर रु २० (बिस रुपैंया मात्र), साल रु २५ (पच्चीस रुपैंया मात्र), सिसौ रु २० (बिस रुपैंया मात्र), सल्ला रु २० (बिस रुपैंया मात्र) प्रती क्यूबिक फिट (कर बाहेक)
- अन्य कुकाठ रु १० (दश रुपैंया मात्र) प्रती क्यूबिक फिट, दाउरा प्रति चट्टा रु ५०० (पाँच सय रुपैया मात्र), बाँस प्रती ट्याक्टर रु १५० (एक सय पचास) र प्रती ट्रक रु ३०० (तिन सय मात्र) (कर बाहेक)
- कवाडी जन्य वियर बोत्तल प्रती गोटा रु ०।२५, टिन फलाम प्रती किलो रु ०।५०, अन्य बोत्तल प्रती गोटा रु ०।१०, कबाडी कागज प्रती किलो ०।२५, प्लाष्टिक प्रती किलो रु ०।१०, डढेको मोविल प्रती लिटर रु ०।२५, ईट्टा प्रति हजार रु ५० (पचास रुपैंया मात्र) (कर बाहेक)
- पेश भएका सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित हुने छ ।
- यस सूचना र सिलबन्दी दरभाउपत्र फारममा उल्लेख भएबाहेक अन्य कुराहरु प्रचलित ऐन नियम अनुसार हुनेछ ।
- अन्य थप जानकारीको लागी यस कार्यलयको सुचना पाटी तथा कार्यलयको वेभ साइट www.rishingmun.gov.np तथा कार्यालय समय भित्र यस गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

टिका बहादुर गोदार
प्रमुख प्रशासकीय अधिकृत

CamScanner